आज मिति २०७८/०२/०४ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रहरी नायब उपरीक्षक | - श्री मनोज कुमार लामा | - सदस्य |
| सशस्त्र प्रहरी नायब उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| सह सेनानी | - श्री प्रविन जंग बस्नेत | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| बरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री मालिक ढकाल..........., नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री शङ्कर बहादुर बिष्ट......., राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री अमरेशचन्द्र वैदार  अध्यक्ष उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री नवराज पहाडी, गैर सरकारी संस्था महासंघ

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

श्री दिपक घिमिरे, सिड्स नेपाल

श्री कुसुम नेपाल जिल्ला वन कार्यालय

श्री वर्ण घिमिरे कु.न.पा-६ वडा अध्यक्ष

श्री दिपक कुमार खोरासाईन कु.न.पा-६

श्री गणेश कुमार कार्की कु.न.पा-५

श्री युवराज श्रेष्ठ कु.न.पा-६

श्री भिम बहादुर बस्नेत प्र.अ. जिल्ला प्रशासन कार्यालय

निर्णयहरु:

१. मिति २०७८/०२/०३ गते कोभिडको कारण जिल्ला अस्पतालमा दुई जनाको मृत्यु भई गडौली स्थित घाटमा दाहासंस्कार गर्न लगिएको शव पुरै नजलाई मलामीहरु हिंडेको भन्ने खबर प्राप्त भए पश्चात मृतकका परिवारलाई पुनः झिकाई शव व्यवस्थापन गर्न लगाईएको, शव जल्दा जल्दै छोड्दा स्थानीय जनमानसमा त्रास फैलिएकोले त्यस प्रति जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC)को गम्भिर ध्यानकर्षण भएकोले अब आइन्दा उक्त घाटमा शव व्यवस्थापन गर्दा अनिवार्य रुपमा निम्न कुराहरुको पालना गर्ने गराउने ।

- नेपाली सेनाले स्थानीय तहको सहयोगमा शवको व्यवस्थापन गर्ने ।
- शव गाड्ने भएमा स्थानीय तहले स्थान उपलब्ध गराउने र शवको व्यवस्थापन नेपाली सेनाले गर्ने ।
- सामाजिक परम्परा अनुसार शव जलाउन मृतकको आफन्तले अनुरोध गरेमा नेपाली सेनाले शव लगि चितामा राखी दिने र सो पश्चातका कार्य स्वास्थ्य सुरक्षाका साधन प्रयोग गरी मृतकका आफन्तले गर्ने । शव जलि नसकिएसम्म नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी सहितको टोली बस्ने र पूर्णरुपमा जलि सकेपछि मात्र हिंड्ने ।
- शव पूर्ण रुपमा जलिसकेपछि घाटलाई पानीले पखालेर सफा गरेर मात्र जाने ।
- मृतकका लुगा, PPE लगायत शव व्यवस्थापनमा प्रयोग भएका सबै सामानलाई आगोले नष्ट गरेर मात्र जाने ।
- शवको पूर्णरुपमा व्यवस्थापन पश्चात घाट वरपर निर्मलिकरण (Sanitized) गरेर मात्र मलामी घर जानु पर्ने ।
- शव व्यवस्थापन स्थलको लागि अर्को विकल्प पनि खोजी गर्ने ।

उक्त नियमको सम्बन्धित पक्षले उल्लंघन गरेमा संक्रामक रोग ऐन, २०२० बमोजिम कडा कारबाही गर्ने ।

२. घाटमा शव जलाउनको लागि दाउराको अभाव देखिएकोले दाउरा उपलब्ध गराई दिनका लागि डिभिजन वन कार्यालय, सिन्धुलीलाई अनुरोध गर्ने ।

३. घाटको चिता पखाल्नको लागि पानीको आवश्यकता पर्ने भएकोले पानी बोक्ने बाल्टिन नेपाल रेडक्रस सोसाइटी तथा पानी तान्ने मोटर लगायतका सामग्रीहरु सामाजिक सरोकार समाज सिन्धुलीलाई उपलब्ध गराई दिन अनुरोध गर्ने ।

४. कमलामाई नगरपालिका वडा नं. ५, ६ र ७ स्थित घाट वरपरका नागरिकहरुको स्वास्थ्य सुरक्षालाई मजबुद बनाउन मास्क, सेनिटाइजर, स्प्रेयर मेसिन तथा औषधि उपलब्ध गराई दिन कमलामाई नगरपालिका र जिल्ला स्थित गैर सरकारी संस्थाहरुलाई अनुरोध गर्ने ।

५. सिन्धुली अस्पताल र नेपाली सेनाले कोभिड नियन्त्रण र शव व्यवस्थापनको लागि माग गरेको स्वास्थ्य सामग्री उपलब्ध गराई दिन जिल्ला स्थित क्रियाशील गैर सरकारी संस्थाहरुलाई अनुरोध गर्ने ।

६. Covid सम्बन्धि परीक्षण नगरी घरमै मृत्यु भएकाको वा होम आइसोलेशनमा बसी मृत्यु भएकाको शव व्यवस्थापन गर्दा स्थानीय स्तरबाटै शवलाई Disinfecting गरी पोलिथिनले बेर्ने जस्ता तोकिएका सुरक्षा मापदण्ड पुरा गरेर मात्र अन्त्यष्टी गर्ने व्यवस्था मिलाउने ।

७. यस जिल्ला स्थायी वतन भई अन्यत्र जिल्लाबाट दैनिक यस जिल्लामा भित्रिनेको संख्या दिन प्रतिदिन बढिरहेकोले उनिहरुलाई होम क्वारेन्टाइनमा राख्ने र सो को प्रभावकारी अनुगमन गर्नु पर्ने ।

८. पालिकाहरुमा होम आइसोलेशन तथा क्वारेन्टिनमा बस्नेहरुलाई स्थानीय तह तथा स्वास्थ्य संस्थाबाट दैनिक स्वास्थ्य निगरानी गरी आवश्यक औषधि, मास्क, स्यानिटाइजर इत्यादी बितरण गरी सो को कार्यान्वयनको अवस्था सम्बन्धि अनुगमन गरी उल्लंघन गर्नेलाई कारबाहीको दायरामा ल्याउनु पर्ने ।

९. निषेधाज्ञा कार्यान्वयनमा कडाईका साथ लागू गर्ने ।

१०. प्रहरीलाई दोस्रो Dose को खोप आवश्कता परेको हुँदा यथाशीघ्र व्यवस्था मिलाउन जिल्ला स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने ।